# गाउँ कार्यपालिकाको कार्यालय
## छाङ्ग, तनहुँ
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७५/०७६

चलानी नं. ४९६

मिति : २०७५/७/३०

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

विषय : जानकारी सम्वन्धमा ।

श्री वडा कार्यालय, (सबै)
म्याग्दे गाउँकार्यपालिकाको कार्यालय, तनहुँ ।

प्रस्तुत विषयमा प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय को च.नं ४७१, ४७२ मिति २०७५/७/२८ को पत्र यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.- ०६१-४६७६५४
०६१-४६७६६९, ४६७६७०

प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्या ०७५/०७६
चलानी नं ४६१

मिति- २०७५।०७।२८

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ११ जिल्ला,
श्री सबै स्थानीय तह (गाउँपालिका, नगरपालिका, महानगरपालिका)
गण्डकी प्रदेश ।

विषय- होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजीगत अनुदान दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७५।०७।१५ को बैठकबाट स्वीकृत भएको होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजीगत अनुदान दिने कार्यविधि-२०७५ स्थानीय तहमा प्रभावकारी ढंगले कार्यान्वयन गरी प्रदेशमा पर्यटनको विकासमा सघाउ पुग्न जाने अपेक्षा सहित यो कार्यविधि पठाईएको हुँदा व्यहोरा अवगत गर्नु भई होमस्टेमा पर्यटन संबन्धि पूर्वाधार विकास कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न गराउन स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको हुँदा यस कार्यमा आवश्यक समन्वय, सहयोग र सहजिकरण गरिदिनुहुन अनुरोध छ । साथै उक्त कार्यविधिको प्रमाणित प्रति यस मन्त्रालयको वेवसाईट (www.moitfe.gandaki.gov.np) बाट डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

२०७५/७/२८
.............
दिवाकर पौडेल
नि. सचिव

श्री योजना शाखा
सबै वडा कार्यालयलाई पठाउन गर्न
२०७५/७/३०

म्याग्दे गाउँपालिका, तनहुँ
दर्ता नं: ११३८
मिति २०७५/७/३०

E-Mail:info.moitfe@gandaki.gov.np ; mail.moitfe@gandaki.gov.np
Website-moitfe.gandaki.gov.np

फोन नं.- ०६१-४६७६५४
०६१-४६७६६९, ४६७६७०

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्या ०७५/०७६
चलानी नं ४८२

मिति- २०७५।०७।२८

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ११ जिल्ला,
श्री सबै स्थानीय तह (गाउँपालिका, नगरपालिका, महानगरपालिका)
गण्डकी प्रदेश ।

विषय- प्रचार प्रसार एवं सहजिकरण गरी दिनुहुन ।

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशले प्रदेश अन्तर्गत विधिवत दर्ता भई संचालनमा रहेका होमस्टेहरुमा पर्यटन पूर्वाधार विकास सम्बन्धि योजना माग गरिएको सूचना मिति २०७५।०७।२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको हुँदा सोही बमोजिमको सूचना प्रदेश मन्त्रालयको वेबसाईट (www.moitfe.gandaki.gov.np) बाट डाउनलोड गरी आफ्नो कार्यालयको सूचना पाटी तथा जिल्लाका महत्वपूर्ण निकायमा टाँस गर्न लगाई प्रचार प्रसार गरिदिनुहुन र प्रस्तावमा उल्लेखित योजनाको सर्भे, लागत स्टीमेट तयारी कार्यमा आवश्यक सहयोग एवं सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

.................
दिवाकर पौडेल
नि. सचिव

E-Mail:info.moitfe@gandaki.gov.np ; mail.moitfe@gandaki.gov.np
Website-moitfe.gandaki.gov.np

प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## "होमस्टेमा पूँजीगत अनुदानका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना"

प्रथम पटक प्रकाशित मिति: २०७५।०७।२८

गण्डकी प्रदेशमा ग्रामिण पर्यटन प्रवर्द्धन गरी संमृद्धिमा टेवा पुर्याउने उद्धेश्यले प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गण्डकी प्रदेश अन्तर्गत संचालनमा रहेका होमस्टेहरुमा पर्यटन पूर्वाधार सम्बन्धि कार्यहरु गर्न गराउन "होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार ब्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्बन्धि कार्यविधि, २०७५" प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस मन्त्रालयको आ.ब. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पर्यटन शिर्षकमा होमस्टेहरुलाई पुँजिगत अनुदान दिने कार्यक्रम रहेको हुँदा विधिवत रुपमा दर्ता एवं नविकरण भई संचालनमा रहेका होमस्टेमा पर्यटन पुर्वाधार सम्बन्धि के-कस्ता योजनाहरु संचालन गर्नुपर्ने हो सो को पहिचान गरी स्थानीय तहसँग समन्वय गरेर सर्भे, लागत स्टीमेट तयार गरी स्थानीय तहको सिफारिससाथ कार्यविधिमा उल्लेख भए अनुसारका आवश्यक कागजातहरु सहित प्रस्ताव सम्बन्धित जिल्लाको डिभिजनल वन कार्यालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत् पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।

यस संबन्धि थप जानकारीका लागि

मन्त्रालयको Website: www.moitfe.gandaki.gov.np मा लगईन गरी वा फोन नं. ०६१-४६७६६९ र ०६१-४६७६५४ मा सम्पर्क गर्न सकिने छ ।

२०७५।७।२८

नि. सचिव